हाम्रो प्रजाशक्ति

गान्तोक, वर्ष १८, अङ्क १९२, १४ सेप्टेम्बर, २०१७

विक्रम संवत् २०७४, भदौ २९ गते, बिहीबार

## भ्रष्टाचार र भ्रष्टाचारी तन्त्र

भ्रष्टाचार अहिले देशका लागि एउटा क्यान्सर बनेको छ यसले देशको सम्पूर्ण व्यवस्थालाई नै सङ्क्रमित गरिसकेको छ। स्थिति यहाँसम्म पुगिसकेको छ कि देशको सरकारी व्यवस्थाभित्र पर्ने राजनेता र सरकारी कर्मचारीहरूले जनताको नजरमा आफ्नो सम्मान गुमाइसकेका छन्। आज समग्र व्यवस्था नै भ्रष्ट बनिसकेको छ। यस्तो स्थितिमा पनि प्रायजसो यसै व्यवस्थाले आफूहरूबीचका भ्रष्ट अधिकारी-कर्मचारीविरुद्ध गरिएका कार्वाहीहरूबारे जनता लाई अवगत पार्नुपर्ने हुन्छ। जुन व्यवस्थामा स्वच्छभन्दा भ्रष्टहरूको सङ्ख्या धेरै छ त्यसल यसरी भ्रष्टाचार र भ्रष्टहरूविरुद्ध गरिएको कार्वाहीको जानकारी दिनुभनेको झन गाह्रो काम हो। कहिलेकाहीं संसद वा विधानसभामा उठ्ने प्रश्नहरूको जवाफमा सम्बन्धित मन्त्रीले यस्ता अधिकारीहरू र उनीहरूविरुद्ध गरिएको कार्वाहीको जानकारी दिनुपर्ने हुन्छ। तर साँच्चै नै भ्रष्ट कर्मचारीहरूको सूची तयार पार्ने हो र त्यो विश्वसनीय हुनु हो भने हाम्रो देशमा यो सूची निकै लामो हुनेछ। फेरि हाम्रो देशमा त झन भ्रष्टाचारको आरोप लाग्दैमा मात्रै कार्वाही हुँदैन, प्रायः त्यस्ता घटनामा मात्रै प्रभावशाली कार्वाही सुरूभएको देखिएको छ जसको विषयमा तीव्र जनदबाव परेको छ वा मिडियामा निकै चर्चा भएको छ। अन्यथा थुप्रै यस्ता घटनाहरू छन् जसको चर्चासम्म हुँदैन र भइहाल्यो भने पनि एक दुई दिनमै सेलाउँछ र कार्वाही पनि पछि गएर त्यस्तै हुन्छ। अर्को कुरा सरकारले सायदै सबै भ्रष्ट अधिकारीहरूविरुद्ध कार्वाही गर्छ। प्राय त्यस्ता अधिकारीहरूविरुद्ध मात्रै कार्वाही थालिन्छ जसको, वरिष्ठ अधिकारी वा मन्त्रीहरूसँगको सम्बन्ध केही नराम्रो हुन्छ। अब कार्वाही भइहाले पनि दुई खाले कार्वाही हुन्छ, कानुनी कार्वाही र विभागीय कार्वाही। कानुनी कार्वाही भयो भने त्यसबारे जनताले केही थाहा पाउँछन् आरोपी केही समयका लागि निलम्बित हुने वा थुनामा पर्ने हुन्छ। तर विभागीय कार्वाही भनेको प्राय जनताको आँखामा छारो हाल्ने काम मात्रै हुन्छ। एक त विभागीय कार्वाहीमा जाँच र छानबिन गर्ने सबै आफ्नै सहकर्मी हुन्छन् र उनीहरू पनि कुनै न कुनै बेला यस्तो कार्वाहीमा परेका हुन्छन् वा पर्नसक्ने हुन्छन्, त्यसैले आफ्ना सहकर्मीप्रति सहानुभूति राखेरै उनीहरूले कार्वाही अगाडि बढाउँछन् वा त्यसलाई यति ढिलो गर्छन् कि त्यसको औचित्य नै समाप्त हुनजान्छ। अब कानुनी प्रक्रिया सुरू हुँदा जत्रो हो-हल्ला हुन्छ वा मिडियामा जस्तो चर्चा हुन्छ, समय बित्दै जाँदा त्यो क्रमश सेलाउँछ र छानबिन वर्षौंसम्म चल्दा चल्दै त्यो मुद्दा नै सबैको स्मृतिबाट हराउँछ। फेरि उपल्लो वर्गका अधिकारीहरूले आफ्नो जागिरको सुरक्षाका लागि यस्ता यस्ता प्रावधानहरू बनाएका छन् कि उनीहरूविरुद्ध कार्वाही टुङ्गोमा पु-याउन साह्रै गाह्रो छ। यस्तो स्थितिमा अहिले जनता यो सोच्न बाध्य छन् कि वास्तवमा देशमा भ्रष्टाचार एउटा प्रचलन भइसकेको छ र सरकार संचालनको यो अभिन्न अङ्ग हो। तर एउटा कुरा भने पक्का हो कि व्यवस्था जति भ्रष्ट भए पनि भ्रष्टाचारका विरुद्ध केही कार्वाही त हुनैपर्छ, अन्यथा व्यवस्था भन्ने कुनै कुरा नै रहने छैन र सरकार र राज्यसत्ताको प्रासङ्गिकतासम्म हराउने खतरा हुनसक्छ।

# तीन शताब्दी पुरानो इतिहास बोकेको दार्जीलिङमा चलेको आन्दोलनको आगो गोर्खाल्याण्डबिना निभ्ने छैन

**... बङ्गाली भाषा अनिवार्य गरिएपछि दार्जीलिङका बासिन्दा आफ्नो वर्षौं पुरानो गोर्खाल्याण्डको माग बोकेर आन्दोलित भएका हुन्। यो आन्दोलनले कुन बाटो लिनेछ भनेर स्थानीय र पश्चिम बङ्गाल सरकार मात्र होइन, केन्द्र पनि अलमलमा छ।**



❑ कृतिका अग्रवाल

नेपालीभाषीका लागि छुट्टै गोर्खाल्याण्ड प्रदेशको माग राख्दै दार्जीलिङमा फेरि राजनीतिको आगो दन्किएको छ। यो आगो सल्काउने काम पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जी आफैंले गरेकी हुन्। पश्चिम बङ्गाल राज्यका विद्यालय तहमा बङ्गाली भाषा अनिवार्य गर्ने उनको निर्णयले नै दार्जीलिङमा केही समययता सेलाइसकेको गोर्खाल्याण्ड आन्दोलनको आगो फेरि दन्किएको हो।

शान्तिपूर्ण रूपमा शुरू भएको आन्दोलन हिंसात्मक हुँदै अहिलेसम्म धेरैजना नागरिकको ज्यान गइसकेको छ। सरकारले दार्जीलिङमा इन्टरनेट सेवा बन्द गराएको छ, जसले भारतको यो उत्तरपूर्वी पहाड़ी इलाकाबाट सूचना प्रवाह अवरुद्ध हुनपुगेको छ।

दार्जीलिङमा यो आन्दोलन चर्किएको पहिलोपटक होइन। सन् १९८० दशकमा भएको गोर्खाल्याण्ड आन्दोलनमा १ हजार २ सयजनाको ज्यान गएको थियो।

दार्जीलिङको इतिहास, गोर्खाल्याण्ड आन्दोलन र त्यहाँ उत्पादन हुने प्रसिद्ध चियाका कथा आपसमा गाँसिएका छन्। दार्जीलिङ आन्दोलनलाई बुझ्न तीन शताब्दीअघि फर्कनुपर्छ, जतिबेला न राज्यका सीमा थिए न त राज्य निर्माण नै भएका थिए।

बाहिरी संसारलाई दार्जीलिङबारे जानकार गराउने काम क्याप्टेन लोयड र जे डब्ल्यु ग्रान्टले गरेका हुन्। उनीहरूले दार्जीलिङलाई सन् १८२९ मा 'पत्ता' लगाएका थिए।

भारतीय समथर मैदानको चर्को घाम र गर्मी छल्न बेलायती शासकका लागि दार्जीलिङ लोभलाग्दो स्थान थियो। स्थानीयमाझ 'दोर्जेलिङ' भनेर चिनिएको उक्त स्थानको नाम विस्तारै अंग्रेजीकरण भयो र कालान्तरमा दार्जीलिङ हुन पुग्यो।

कञ्चनजङ्गा हिमश्रृङ्खलाको छहारीमा रहेको दार्जीलिङ बजारलाई 'ओल्ड गोर्खा स्टेशन' पनि भनिन्थ्यो। आफूले गरेको विद्रोह दमन भएपछि त्यहाँका मूल आदिवासी लेप्चा र लिम्बू दार्जीलिङ छाड़ेर अन्यत्र गए। यसले त्यहाँको जनसंख्या झरेर सयमा सीमित हुनपुगेको थियो।

दार्जीलिङ र त्यस वरिपरिका इलाकाको इतिहास नेपाल, भोटाङ र सिक्किमसँग जोड़िएको छ। दार्जीलिङ कहिले सिक्किम, कहिले भोटाङ त कहिले नेपालको भूमि रहेको इतिहास छ। ब्रिटिश साम्राज्यले सन् १८६६ -मा आफ्नो भूमिमा जोड़ेपछि भने दार्जीलिङ इतिहासमा नयाँ अध्याय शुरू भयो।

१९औं शताब्दीको मध्यतिर आइपुग्दा अङ्ग्रेज शासक चिया उत्पादन र व्यापारका लागि वैकल्पिक स्थानको खोजीमा थिए। त्यतिबेला चीनबाट आयातीत चिया अत्यन्त महँगो हुँदैगएको थियो। त्यसमाथि चीनसँगको अफिम युद्धले चीनियाँ चियाको आपूर्ति असहज बन्दै गयो। ब्रिटिश उपनिवेशकहरूका लागि चिया उत्पादनको वैकल्पिक स्थान भारतमै खोज्नुपर्ने बाध्यता आइलाग्यो।

दार्जीलिङमा चिया उत्पादनको परीक्षण सफल हुनु ब्रिटेनका लागि निकै खुशीको कुरा थियो। यसले दार्जीलिङ क्रमशः चिया उत्पादनको केन्द्रको रूपमा रूपान्तरण भयो। लगभग १ सय ७० चियाबगान र बढ्दो जनसंख्याले दार्जीलिङमा रौनक थपियो।

चियाबगानको काम सजिलो थिएन। जङ्गल फड़ानी गर्न, चियाका बिरुवा रोप्न, रेलका लिक बिछ्याउन र विभिन्न भौतिक पूर्वाधार निर्माण गर्न कठोर परिश्रमको खाँचो पर्थ्यो। त्यसका लागि सानो संख्यामा रहेका स्थानीय इच्छुक थिएनन्। त्यसै समय काठमाडौंस्थित ब्रिटेनको दूतावासमा कार्यरत डा. आर्थर क्याम्बेल दार्जीलिङ सरुवा भए। सन् १८३९ -मा उनी दार्जीलिङका पहिलो सुपरिटेन्डेन्ट बने। उनको नेतृत्वमै दार्जीलिङले आधुनिक स्वरुप ग्रहण गर्न शुरू गऱ्यो। दार्जीलिङ बजारको उन्नति हुन थालेपछि नेपाल, सिक्किम र भोटाङबाट लेप्चाहरू फेरि उतै फर्किए।

सन् १८४६ -को कोतपर्वबाट नेपालको सत्तामा आएका श्री ३ जङ्गबहादुर र क्याम्बेलबीच निकट सम्पर्क थियो। नेपालको अस्थिर राजनीति र बिग्रँदो आर्थिक-सामाजिक अवस्थाका कारण नेपालबाट ठूलो संख्यामा आप्रवासी दार्जीलिङ गए। त्यस समय नेपालमा हल्ला चलेको थियो- चियाबगानमा रुपियाँ फल्छ, चियाको बोटमै सुन फल्छ।

चिया उत्पादनको अर्थतन्त्र धान्न यथेष्ट श्रम मात्र होइन, श्रमको पुनरुत्पादन पनि जरुरी थियो। त्यसका लागि अङ्ग्रेजहरूले बाहिरबाट परिवारसहित दार्जीलिङ बसाइँ सर्न प्रोत्साहन गरे।

बुधु बोजु नाम गरेकी एक वृद्ध महिला आफ्ना हजुरबुवा-हजुरआमाले भनेको कथा सम्झन्छिन्। उनी अनुसार 'सरदार'हरूले प्रशस्त तलब पाइने जागिरको लोभ देखाएर पहाड़का विभिन्न स्थानबाट मानिसलाई दार्जीलिङ ल्याएका थिए।

'हामीले त्यस्ता कथा हाम्रा हजुरबुवा-हजुरआमाबाट सुनेका थियौं। उनीहरूलाई आफ्ना कमान (चियाबगान)-मा काम गर्ने श्रमिकहरू चाहिएको थियो। त्यसका लागि गोराहरूले श्रमिक खोज्ने सरदारलाई कमिशन दिन्थे', बुधु बोजु भन्छिन्, 'सरदारहरूले पहाड़बाट मानिसलाई जङ्गल हुँदै लुकाइ-छिपाइ रातको समय सेहार ल्याइपुऱ्याउँथे। मेरा पुर्खा पनि त्यसै प्रकार यहाँ आएका थिए।'

दार्जीलिङमा काम गर्न आएका अधिकांश मानिस आफूले सोचेभन्दा लामो समय बसे। उनीहरू आफूले मात्र चाहेर दार्जीलिङमा बसेका थिएनन्। त्यहाँको आर्थिक प्रणालीले उनीहरूलाई ऋण लिन बाध्य बनाउँथ्यो। ऋण तिर्न अझै लामो समय श्रम गर्नुपर्थ्यो। नेपालबाट काम गर्न त्यहाँ गएका मानिसका लागि नेपालको तत्कालीन राजनीतिक तथा सामाजिक अवस्थाले पनि स्थायी रूपमा दार्जीलिङ बस्न बाध्य पाऱ्यो।

श्रमिकको तत्कालीन अवस्थाबारे समाजशास्त्री नितिन वर्मा भन्छन्, 'दार्जीलिङ जिल्लामा नलेखिएको कानून भनेको एकपटक चिया बगानमा श्रमिक भएपछि सधैंका लागि श्रमिक रहनु हो।'

त्यहाँ काम गर्न गएका मानिस स्थानीयका बस्तीभन्दा टाढ़ा जङ्गलको बीचमा बस्थे। उनीहरूलाई स्थानीयसँग सम्पर्क गर्न लगभग दिइँदैनथ्यो। नचिनिएको भौगोलिक बनावटका कारण त्यहाँबाट भाग्न पनि लगभग असम्भव थियो। कोही भागेको भेटेमा स्थानीयले कुकुर लगाएर उनीहरूलाई पक्रन्थे। भागेका श्रमिक पक्रेमा ब्रिटिशले स्थानीयलाई पुरस्कार दिने व्यवस्था गरिदिएका थिए। समय क्रममा काम गर्न गएका मानिसका लागि दार्जीलिङ नै घर र पुर्खौली थलो बन्न पुग्यो।

छोटा नागपुरका मानिस र नेपाली मूलका मानिसलाई उपनिवेशकहरूले छुट्टाछुट्टै राखे। सानो संख्यामा रहेका दार्जीलिङका बङ्गालीहरू 'बाबू' भए। 'बाबू'हरूलाई एलिटका रूपमा चिनिन्थ्यो, जसले ब्रिटिश शासक र त्यसपछि स्वतन्त्र भारतीय सरकारका लागि काम गरे। त्यसपछि मारवाड़ी समुदायका मानिस दार्जीलिङ आए, जसले त्यहाँको अधिकांश अर्थतन्त्र नियन्त्रण गरे। समय व्यतीत हुँदै जाँदा नेपालीभाषीलाई आफूविरुद्ध शोषण र विभेद बढ्दै गएको अनुभव भयो।

गोर्खाल्याण्डको माग चियाबगानका श्रमिकमाझ लोकप्रिय छ। अन्य साना समुदायले आफूलाई दोस्रो दर्जाका नागरिक बनाएको र नेपालीभाषी कामदारको इतिहास मेट्न थालिएको उनीहरू ठान्छन्।

समात्ने दह्रिलो इतिहासको अभावमा माटो र आफ्ना पुर्खाले रोपेका चियाका झाड़ीसँगको उनीहरूको सम्बन्ध प्रगाढ़ बन्दै गयो।

'किपट' र 'माटो' जस्ता शब्दावली गोर्खाल्याण्ड आन्दोलनको केन्द्रमा रहँदै आएका छन्। 'माटोको आन्दोलन' अझै सशक्त छ। यसले सबै श्रमिकलाई बाँधेको छ। दार्जीलिङ पहाड़मा आन्दोलन उठेको बेला घन्कने नारा हुन्, 'आफ्नो माटोभन्दा सिद्धार्थ शंकर राय ठूलो होइन', 'आफ्नो माटोभन्दा आनन्द पाठक ठूलो होइन', 'आफ्नो माटोभन्दा दावा नर्बुला ठूलो होइन', 'बङ्गालबाट हाम्रो माटो फर्काउनुपर्छ'।

त्यहाँ यस्ता कयौं नारा उठ्छन् जसले माटोका लागि बलिदानको आह्वान गर्छन्। यसले चियाबगानमा ज्यालादारी गरेर बाँच्ने श्रमिकलाई महिनौंदिनसम्म हड़तालमा जान हौसला र प्रेरणा दिन्छ।

अहिले गोर्खाल्याण्ड आन्दोलनले नयाँ गति लिएसँगै न्यायपूर्ण ढङ्गले ज्याला बढ़ाउन बगानका कामदारहरूले माग गरेका छन्।

'प्लान्टेशन लेबर एक्ट १९९५' अनुसार उनीहरूले दैनिक १३२ रुपियाँ ५० पैसा मात्र ज्याला पाउँछन्, जबकि दक्षता नचाहिने कामका लागि श्रमिकको ज्याला कम्तीमा रुपियाँ २२६ र अर्द्धदक्षता चाहिने कामका लागि न्यूनतम रुपियाँ २७३ छ। यही कानूनले व्यवस्था गरेका अन्य श्रमिकपक्षीय प्रावधान पनि उल्लङ्घन गरिएका छन्। यसरी कानून उल्लङ्घन गर्नेलाई कानूनी कार्वाही भएको छैन। कयौं चियाबगानलाई मनलाग्दो ढङ्गले बन्द गरिएको छ, जसले श्रमिकहरूलाई रोजगारविहीन बनाएको छ। दार्जीलिङका युवा रोजगारको खोजीमा घर छोड़ेर बाहिर जान बाध्य छन्। दार्जीलिङमा अवसर सीमित छन् भने जातीय विभेद व्यापक छ। खानेपानी, स्वास्थ्य सेवा र यातायातजस्ता आधारभूत सुविधाका लागि समेत उनीहरू निरन्तर सङ्घर्षरत् छन्।

यही क्रममा बङ्गाली भाषा अनिवार्य गरिएपछि दार्जीलिङका बासिन्दा आफ्नो वर्षौं पुरानो गोर्खाल्याण्डको माग बोकेर आन्दोलित भएका हुन्। यो आन्दोलनले कुन बाटो लिनेछ भनेर स्थानीय र पश्चिम बङ्गाल सरकार मात्र होइन, केन्द्र पनि अलमलमा छ।

# उत्तर कोरियाका लागि चीन पहिलो रणनीति

■ विल इमोट

उत्तर कोरियाको घमण्डपूर्ण सैन्यशक्ति प्रदर्शनविरुद्ध प्रतिकार गर्ने सबैभन्दा खराब विधि उमाथि लगाइने प्रतिबन्ध र आक्रामक कूटनीतिको साझा मिश्रण हो भन्नेमा विश्वका अधिकांश राजनीतिक पण्डित सहमति जनाउँछन्; तर विश्वका केही थोरै नेताले प्योङ्योङलाई ठेगान लगाउन सैन्य विकल्प पहिचान गरेका छन्। सैन्य बलद्वारा प्योङ्याङका आणविक गतिविधिलाई नियन्त्रण गर्नुपर्छ भन्ने विचार राख्ने सीमित नेताहरूमध्ये अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पनि एक हुन्। चीन आफ्नो खतरनाक छिमेकी उत्तर कोरियालाई काबूमा राख्ने दायित्वबाट चुक्न नहुने राष्ट्रपति ट्रम्पको धारणा छ। चीनले सैन्य आक्रमण गरेर वा उत्तर कोरियाली शासकलाई पदच्युत गराएर उसका आणविक घमण्ड निस्तेज गर्नुपर्ने अपेक्षा ट्रम्पले लामो समयदेखि गर्दैआएका छन्। तर, पूर्वी एसियाको रणनीतिक सन्तुलनमा नै तीव्र परिवर्तन ल्याउनसक्ने परिणाम अधिकांश मानिसहरूले सोचेजस्तो हुनेछैन।

ट्रम्पको मान्यता अनुसार यो बेइजिङको पहिलो विकल्प हो, जसले 'चीनलाई फेरि महान् बनाउन' सहयोग गर्नसक्छ। अन्य देशहरूको तर्फबाट कोरियामाथि हुने सैन्य हस्तक्षेपले निकै ठूलो खतरा निम्त्याउन सक्छ; तर सो अप्रिय विषयको चर्चा गर्नुअघि चीनको सफल हस्तक्षेपले के परिणाम निम्त्याउँदछ भन्नेबारेमा मनन गर्न आवश्यक छ। चीनियाँ हस्तक्षेपले उत्तर कोरियालाई कोरियाली युद्धपछिको स्थितिमा धकेल्नेछ, जहाँ कुनै बेला चीनियाँ आणविक छातामुनि रहेर उसले विश्वासिलो सुरक्षा सुनिश्चितताको फाइदा लुटेको थियो।

माओ जेदोङले भन्ने गर्थे, चीन र उत्तर कोरियाबीचको सम्बन्ध ओंठ र दाँतजस्तो निकट छ। कोरियाली युद्धमा अमेरिकी विजयलाई बिथोल्न चीनियाँ सेनाले खेलेको भूमिकालाई मनन गर्दा माओको भनाइ समय सान्दर्भिक लाग्नसक्छ; तर सो युद्धपछिका ६ दशकमा अमेरिकी आधारलाई निम्तो दिएर अमेरिकी आणविक संरक्षण अन्तर्गत आश्रय लिएर जापान र दक्षिण कोरिया संयुक्त राज्य अमेरिकाको नजीकको गठबन्धन बनिरहेका छन् भने चीन र उत्तर कोरिया अझ धेर अलग भएर सतहमा तैरिएका छन्।

परिणामस्वरुप, चीनको आफ्नो परम्परागत छिमेकी देश (उत्तर कोरिया) -माथि थोरै मात्र नियन्त्रण छ र सम्भवतः प्योङयाङमा भइरहेका गतिविधिप्रति पनि बेजिङको अल्पज्ञान छ। यो सत्य हो कि चीनले चाह्यो भने उमाथिको व्यापार कटौती र ऊर्जा आपूर्ति रोकेर प्योङयाङमाथि बेजिङले कड़ा प्रतिबन्ध लगाउन सक्छ; तर चीनको यस कदमले विश्वबाटै एक्लिँदै गएको किम जोङ उनको शासनलाई अर्को छिमेकी देश रसियाको सहयोग लिन मस्कोतर्फ धकेल्नुबाहेक अरू केही गर्नेछैन।

उत्तर कोरियाले आफ्ना आणविक गतिविधि रोकेबापत् उसले कुनै प्रकारको विश्वसनीय सुरक्षा प्रत्याभूति चाहन्छ भने उत्तर कोरियालाई सबैभन्दा भरपर्दो सुरक्षा प्रदान गर्ने एक मात्र देश चीन हो भन्नेबारे विश्वका धेरै मानिसहरूको साझा धारणा छ। उत्तर कोरियाले आणविक गतिविधि नियन्त्रण गर्न राजी भए पनि उसले अमेरिकाबाट कुनै पनि सुरक्षा सुनिश्चितता पाउनेछैन। उत्तर कोरियालाई अमेरिकी राष्ट्रपतिले व्यक्त गर्ने कुनै पनि सुरक्षा सुनिश्चितताका वाचा विश्वसनीय हुनेछैन। उनीहरूको कार्यकाल सिद्धिएपछि ती वाचा पनि परिवर्तन हुनेछन्।

त्यसर्थ, सहकार्य र सम्भावित सत्ता परिवर्तनको सट्टा चीन सुरक्षा र आणविक संरक्षणको वाचासहित उत्तर कोरियामाथिको अतिक्रमणको मिश्रित खतरा बन्ने हो भने कोरियाली जनसेनाको ठूलो संख्यालाई हराउने बेजिङको सम्भावना उच्च हुन्छ। अर्कोतिर, अमेरिकासँग आणविक पौंठेजोरी खेल्नु उसका लागि विनाश हो भने चीनप्रति झुकाउ राख्दा सम्भवतः उसले निरन्तर स्वतन्त्रताको क्षण अनुभूति गर्नसक्छ।

उत्तर कोरियामा चीनले सफलतापूर्वक सैन्य हस्तक्षेप गरेमा उत्तर कोरियाली प्रायद्वीपमा भइरहेका गतिविधिबारे नियन्त्रण राखेर सैन्य आधार स्थापना गरी रणनीतिक सफलता मात्र प्राप्त गर्दैन बरू एउटा डरलाग्दो युद्ध हुनबाट जोगाउन सफल भएको भन्दै क्षेत्रीय रूपमा नै बेजिङको वाहवाही हुनेछ। तर, यदि असावधानी विकल्प रोजियो र खराब ढङ्गले अमेरिकी नेतृत्वको युद्ध भयो भने एशियाभित्र चीनियाँ नेतृत्वलाई कुनै पनि कार्यले विश्वसनीय पार्नेछैन। सबैभन्दा पहिला त चीनलाई वैधता आवश्यकता छ र उत्तर कोरियामाथि गर्ने हस्तक्षेपले यस्तो वैधता प्रदान गर्छ। जटिल शक्तिको सफल प्रयोगले चीनलाई नरम शक्तिको ठूलो सङ्ग्रह गराउनेछ।

तर, सँगसँगै प्रश्‍व पनि आउँछ, चीनले उत्तर कोरियामाथि हस्तक्षेप गर्दा त्यसको सकारात्मक परिणाम आउला त? यसको निश्चित जवाफ छैन। कुनै पनि सैन्य हस्तक्षेपले ठूलो खतरा निम्त्याउन सक्छ। चीनियाँ सैन्य फौज पूर्णरूपमा हतियारले सुसज्जित छ; तर तुलनात्मक रूपमा उनीहरूमा रणभूमिको अनुभव न्यून छ। सेनाका निम्न तहमा यस्ता नेताहरू छन्, जो उत्तर कोरियाले चीनियाँ शर्त स्वीकारेनन् भने आणविक हतियार वा आमविनाशका लागि तम्तयार हुनेछन्।

सम्भाव्य निश्चितताका साथ हामीले के भन्नसक्छौं भने, अमेरिकी सेनाले भन्दा चीनियाँ समुद्री र स्थलगत अतिक्रमणले उत्तर कोरियाली नेता किम जोङ उनलाई केही माइलको दूरीमा रहेको दक्षिण कोरियाको राजधानी सिउलमाथि आणविक आक्रमण गर्नबाट रोक्ने प्रबल सम्भावना छ। निरन्तर सुरक्षा प्रदान गर्ने वाचासहित चीनले गरेको अतिक्रमणको बद्लामा उत्तर कोरियाले आफ्ना दक्षिण कोरियामा रहेका दाजुभाइ र दिदीबहिनीमाथि किन बद्ला लिन्छ होला र?

अझै महत्त्वपूर्ण विषय के छ भने, किम जोङ उनले आफ्ना आणविक गतिविधिलाई नियन्त्रण गर्छन् भन्नेमा भरपर्दो प्रमाण नदेखिएको अवस्थामा उत्तर कोरियाली क्षेप्यास्त्रबाट अमेरिकाको तुलनामा चीनमाथि निशाना हुने न्यून सम्भावना छ। चीनको सैन्य विकल्पलाई गम्भीरतापूर्वक सोच्ने हो भने अमेरिकासँगको सहकार्यमा केही गुप्तचरी र मिसाइल रक्षाको अन्वेषण उपयोगी हुनसक्छ। उत्तर कोरियाबाट अमेरिकाले सामना गरिरहेको धम्की र चुनौतीलाई मनन गर्दा यस्तो विकल्प अमेरिकाले अस्वीकार गर्न असम्भव छ। यो परिदृश्य हुनेछैन; तर यो सहकार्य यति तार्किक छ कि यसको सम्भावनालाई गम्भीरतापूर्वक लिनुपर्छ। दुवै देशलाई खतरा पुऱ्याउने अस्थिरताको स्रोतलाई हटाएर यस क्षेत्रमा अमेरिकासँगै महान् रणनीतिक समानता प्राप्त गर्ने चीनको महत्त्वपूर्ण अवसर पनि हो।